# दोश्रो बार्षिक साधारण सभा सम्बन्धी थप जानकारी :

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कार्यालय समय भित्र कम्पनीको रजिर्ष्टड कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०८२।०८।१४गते (एक दिन) बन्द रहनेछ ।

४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०८२।०८।२८ गते अपरान्ह २:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

७) नावालक शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्त रूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ । ( फोन नं ०१-६६३४८०२ )

**पुनश्च:**

**कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना प्राप्त गर्न असमर्थ भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

everestcolour.com